स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



नयाँ छिमलका सुपरस्टार हुन्, अनमोल केसी र प्रदीप खड्का । लगभग एकै समयमा नेपाली फिल्ममा दुवैको उदय भएको थियो । उनीहरुलाई रुचाउने दर्शक समूह पनि एउटै छ । र, दुवै रोमान्टिक भूमिकामा बढी रुचाइन्छन् । यसैले पनि उनीहरुलाई एकअर्काका प्रतिस्पर्धी भन्ने गरिएको छ । फिल्मको ट्रेलर सार्वजनिक कार्यक्रममा अनमोलले आफूसँग अरु कलाकारको जस्तो १० वटा फिल्म नभएको भन्दै अभिव्यक्ति दिएका थिए । उनको यो टिप्पणीलाई प्रदीपप्रति व्यंग्य भनेर व्याख्या गरिएको छ ।

आजको विचार...



माधव रेग्मी

संस्कृत...
(दुई पेजमा)

यही शुक्रबार (बैशाख २८)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'खजुरे ब्रो'बाट पूर्व मिस इन्टरनेशनल नेपाल नीति शाहले डेब्यु गरेकी छन् । उनकै नामका कारण फिल्मको पनि चर्चा भइरहेको छ । फिल्ममा डेब्यु अगाडि नै 'लाइमलाइट'मा रहेकी नीतिको अभिनयलाई लिएर धेरैमा चासो देखिन्छ । अभिनेत्री सन्ध्या केसीले नीतिको अभिनय 'नेचुलर' रहेको भन्दै प्रशंसा गरिन् । 'नीतिको अभिनय 'नेचुरल' छ । र, उसलाई ठूलो पर्दामा देख्दा र माइलो लाग्यो । फिल्म राम्रो छ,' उनले भनिन् ।



❒ वर्ष २९ ❒ अंक २७९ ❒ २०८१ वैशाख २७ गते बिहीबार 9 May 2024, Thursday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### ४३ गोरु प्रहरी नियन्त्रणमा



**पाल्पा,** वैशाख २६/अवैध रुपमा ओसारपसार गर्दै गरेको अवस्थामा जिल्ला प्रहरी कार्यालय पाल्पा मातहत खटिएको प्रहरी टोलीले ४३ वटा गोरु नियन्त्रणमा लिएको छ । मंगलबार जिल्लाको रामपुर नगरपालिका -२ भलायटारस्थित सडकमा दुई वटा ट्रकबाट ४३ वटा गोरु प्रहरीले नियन्त्रणमा लिएको हो ।

इलाका प्रहरी कार्यालय रामपुरबाट प्रहरी निरीक्षकको कमाण्डमा खटिएको प्रहरी टोलीले गस्ती गर्ने क्रममा ना ६ ख ५८० नम्बरको ट्रकमा २२ वटा र ना ६ ख ४७५८ नम्बरको ट्रकमा २१ वटा गोरु नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक सुगन्ध श्रेष्ठले जानकारी दिए । चेकजाँचको क्रममा विना कागजात अवैध रुपमा ओसारपसार गरेको भेटियो प्रहरीले जनाएको छ । नियन्त्रणमा लिएर आवश्यक कारवाहीका लागि भैरहवा भन्सार कार्यालय रुपन्देहीमा पठाईएको छ ।

# खर्ज्याङ्गमा तटबन्ध नबन्दा बाढीको त्रास

## स्थानीय भन्छन्- 'पानी पऱ्यो कि रातभर निद्रा लाग्दैन'

**जगदीश भट्टराई**

**गुल्मी,** वैशाख २६/आजभोलि पानी पर्दा पनि खोलामा बाढी आउने को कि भन्ने चिन्ता लाग्छ गुल्मी दरबार गाउँपालिका -५ खर्ज्याङ्ग खोला किनारकी बविता सोमरेलाई । रात परेपछि ढुक्कले निदाउन सक्दिनन् उनी । 'पानी पऱ्यो कि मन सिरिङ्ग हुन्छ । बाँध बाँधिदिएदेखि ढुक्कले बस्न हुन्थ्यो । बर्खा लाग्न थाल्यो बाँध बनेन' उनले भनिन्, 'दिन त जसोतसो कटाइन्छ । रात परेपछि चिन्ताले निद्रा पर्दैन । राति बाढी आयो भने कसरी भाग्ने ?' खोला हाम्रो घरमै पस्छ,' सोमरेले भनिन् । बाढी आउने चिन्ता त छर्दै छ , खानेपानीको समस्या पनि उस्तै रहेको उनले बताईन् । सोमरेले भनिन् 'हामीलाई खानेपानीको समस्या छ । सबैतिर अनुरोध गरियो । हाम्रो गुनासो र मागलाई कसैले पनि सुनेनन् ।' गाउँपालिका अध्यक्षले यो वर्ष माथिबाट बजेट पार्छौं भन्नु भएको हुँदा केही आशा भने जागेको उनको भनाई छ । गत वर्षको बाढीले स्थानीय थानिश्वर भण्डारीको घरमा क्षति पुग्यो । घर छियाछिया बनाएको छ । तर, टालटुल गर्नेसम्म उनको सामर्थ्य छैन । टबन्धको अभाव हुँदा घर नै डुबानमा पर्ने गरेको भण्डारीको गुनासो छ । 'बर्षा शुरु हुने समय भयो, अब पानी परे घर छोडेर पखेरातिर दौड्नुपर्छ'



भण्डारीले भने । उनले तटबन्दसँगै खानेपानीको पनि उस्तै समस्या भोग्नु परेको गुनासो गरे । भण्डारीले भने 'मान्छेलाई त पानी खान छैन ,पशुचौपायालाई कहाँ हुनु ।' उनले खेती गरेर पनि खाना पाइन्छ कि पाइदैन भन्ने चिन्तै चिन्तामा बस्नु परेको बताए । 'पोहोर साल खेती राम्रै भएको थियो तर बस्ती नै डुबानमा पऱ्यो,' उनले भने । खोला नजिकै भए पनि तटबन्धको सुविधा नहुँदा यो समस्याबाट गुज्रिनुपरेको उनको भनाइ छ । 'हाम्रो दु:ख सरकारलाई के थाहा ? अहिलेसम्म कसैले केही गरिदिएको छैन,' भण्डारीले भने । उनी खोलामा स्थायी तटबन्ध र खानेपानीको सुविधा भए आफूहरूको धेरै समस्या समाधान भएर जाने दाबी गर्छन् । 'चुनावमा नेताहरू तटबन्ध गरिदिन्छौं । गरिबलाई घर बनाइदिन्छौं भन्दै आउँछन्,' लक्ष्मी भण्डारीले भनिन्, 'चुनाव सकिएपछि बस्तीमा फर्किएर आउँदैनन् । गरिबको कोही नहुने रहेछ ।' उनले खोला भए पनि सिँचाई नहुँदा खेतीपाती समेत नहुने बताईन् । भण्डारीले भनिन् 'केही वर्ष अघि बाढी आउँदा गाडीका गाडी नेता, सिडियो, पुलिस आए । त्यसपछि त फर्किएर पनि आएनन् । हामीलाई केही दिनुपर्दैन । यो बाँध मात्र बाँधिदिए हामी आफैं जनतन गरेर खाने थियौं।' भण्डारी र सोमरे त केही प्रतिनिधि पात्र मात्रै हुन । गुल्मी र सुदुरपुर्व अर्घाखाँचीको पुछारमा रहेको खर्ज्याङ्ग खोलाकिनारमा बसोवास र खेती गर्ने २ सय मोही किसानहरुको समस्या पनि उस्तै छ । आकाशमा बादल लागेर गड्यागुडुङ आवाज सुनिनेबित्तिकै यहाँका स्थानीयहरुको निद्रा हराउँछ ।

वर्षा भएपछि जुनसुकै बेला खोला बाढी आएर घरबार बगाएर लान्छ भन्ने पिरले उनीहरु दिक्क छन् । दुमै खोला खर्ज्याङ्ग र केदुवाखोलामा बाढी नियन्त्रणका लागि तटबन्ध बनाउन सरकारी निकायले चासो नदेखाउँदा खोला किनारका नागरिकहरुलाई वर्षेनी बाढीले पिरोल्ने गरेको छ । बस्तीसँगै टाँसिएर बग्ने खोलामा स्थायी पक्की तटबन्ध नहुँदा बर्सेनि यहाँको वस्ती डुबानमा पर्ने गरेको छ । वर्षात्को तीन महिना बस्तीका कोही पनि राम्ररी निदाउन पाउँदैनन् । बालबच्चा र वृद्धवृद्धा भएको परिवार त दिउँसै आकाशको भाव बुझेर पखेरातिर जानुपर्ने बाध्यता छ । उनीहरुले तटबन्धसँगै सिचाँई र खानेपानीको समेत चरम अभाव झेल्नु परेको छ । समस्याका विषयमा पटक-पटक सम्बन्धित निकायसँग बजेट विनियोजनका लागि आग्रह गर्दै आएको पनि कही कतैबाट सम्बोधन नभएको स्थानीय समाजसेवी हरि कंडेलले बताए । स्थानीय गौरी शंकर टोल विकास समितिका अध्यक्ष अग्निधर कंडेलका अनुसार बस्ती अत्यन्त जोखिम रहेकाले तटबन्ध निर्माणमा सरकारी निकाय गम्भीर बन्नुपर्ने छ । गाउँपालिकाका अध्यक्ष सरोज कुमार थापाले भने तटबन्धको लागि डिपिआर तयार गरेर प्रदेश र केन्द्र सरकारसँग बजेट माग गरेको बताए । स्थानीय सरकारको न्युन बजेटले छेउ टुप्पो पनि नलाग्ने भएका कारण प्रदेश र केन्द्र सरकारसँग अनुरोध गरेको तर अहिलेसम्म पनि सुनुवाई हुन नसेकको उनको गुनासो छ । अध्यक्ष थापाले भने 'यो पटक बजेट विनियोजन हुने कुरामा भने विश्वस्त छौं ।' पालिकाको तर्फबाट साना तिना काम गरे पनि ठूलो र मंहगा कामका लागि संघ र प्रदेश नै ताक्नुपर्ने उनको भनाई छ । पालिकाको बजेटले नधान्ने भएका कारण कार्यपालिकाको निर्णय, लागत स्टिमेट समेत बनाएर केन्द्र र प्रदेशलाई पटक-पटक पठाउँदा पनि वास्तै नगरेको उपाध्यक्ष तारा ढेंगाको गुनासो छ । वडा अध्यक्ष गुणनीधि पौडेलले पनि खोला किनारका नागरिकको समस्याप्रति आफु पनि निकै चिन्तित रहेको बताए । तटबन्ध निर्माणका लागि केन्द्रीय सरकारले नै ध्यान दिनुपर्ने उनको भनाई छ । भू-तथा जलाधार व्यवस्थापन कार्यालय अर्घाखाँचीका प्रमुख शम्भु झाले केन्द्रबाट आउने बजेटको सिलिङ सिमित क्षेत्र तोकेर आउने भएकाले गुल्मीतर्फको खर्ज्याङ क्षेत्रमा तटबन्ध निर्माण गर्न नसकिको बताए । उनले भने 'केन्द्रबाट ठाउँ तोकेर आउने र प्रदेशबाट आउने बजेट अत्यन्त कम हुँदा तीन जिल्लाका लागि छुट्याउनुपर्दा केही महत्वपूर्ण क्षेत्रहरुमा काम हुन सकेको छैन ।' आगामी बजेटमा तटबन्ध निर्माणका लागि पहल गर्ने झाको भनाई छ । खानेपानीको व्यवस्थापनको जिम्मेवारी पाएको खानेपानी डिभिजन कार्यालय गुल्मी खर्ज्याङ्मा खानेपानी समस्याका बारेमा अनविज्ञ रहेको पाइन्छ । कार्यालय प्रमुख अनोज उपाध्यायले त्यहाँको वस्तुस्थितीका बारेमा आफुलाई जानकारी नभएको बताए । उनले भने' यहाँहरुले भनेपछि मात्र थाहा भयो, यदि समस्या रहेको हो भने उपभोक्ता समितिमार्फत निवेदन आएमा तत्काल समाधानका लागि पहल गर्ने छु ।'

# पाल्पा प्यारागनमा युजुरेस पुनर्गठन



**पाल्पा,** वैशाख २६/पाल्पा प्यारागन इंग्लिस बोर्डिङ्ग स्कूलमा युवा जुनियर रेडक्रस सर्कल (युजुरेस) पुनर्गठन भएको छ । विश्व रेडक्रस दिवसको अवसरमा युजुरेस पुनर्गठन गरिएको हो ।

पुनर्गठित समितिको अध्यक्षमा दिलबहादुर दर्लामी, उपाध्यक्षमा निशा घिमिरे, सचिवमा केकी बस्याल, सह-सचिवमा सपना वि.क.,कोषाध्यक्षमा अंकिता गाहा र सह-कोषाध्यक्षमा निशान्त घिमिरे चयन भएका छन् । यस्तै सदस्यहरूमा सुजल नेपाली, आरजु गाहा, विराज नेपाली, सरोज आले, रोशा थापा रहेका छन् । सर्कलको संरक्षकमा प्रिन्सिपल गंगाबहादुर खत्री, शिक्षक नायकमा शिवा थापा रहेको बताइएको छ । सोही अवसरमा रेडक्रस शिक्षा समेत दिइएको थियो । कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी श्रीनगर उपशाखाका सभापति पुष्कर राज रेग्मीले रेडक्रसको परिचय, रेडक्रस अभियान,सात सिद्धान्त, उपशाखा गतिविधि, प्राथमिक उपचार सिमुलेसन, युजुरेस परिचालन, कार्ययोजना तय लगायतका विषयमा जानकारी गराएका थिए ।


उनले रेडक्रसको मर्म र सिद्धान्तलाई आत्मसाथ गर्न युवाहरुलाई आग्रह समेत गरे । सभापति रेग्मीले पुनर्गठित पदाधिकारीहरुलाई शपथ गराएका थिए ।

# पाल्पामा पशुहिंसा र यातनाविरुद्धको अभियान

**कृष्ण पोखरेल**

**पाल्पा,** वैशाख २६/पाल्पाका व्यवसायिक पशुपालक कृषकहरुलाई जुटाएर पशु अधिकारको बारेमा पहिलो पटक सरकारीस्तरबाट सचेतना अभियान शुरु गरिएको छ । मानिसले आफ्नो फाईदाको लागि पशुपक्षिको प्रयोग गर्दै आएको भएता पनि यातना, हिंसारहित तरीका, उनीहरुको अधिकार तथा कल्याणलाई मध्यनजर गरेर पशुपालन गर्नुपर्नेमा लुम्बिनी प्रदेश पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय बुटवलले अभियान चलाएको हो ।

अभियानमा प्रदेश सरकारले २०८० फागुनमा पारित गरेको व्यवसायिक गाई भैसी फर्मले अवलम्वन गर्नु पर्ने पशुकल्याण मापदण्ड २०८० को विषयमा भेटेरिनरी अस्पताल तथा



पशु सेवा विज्ञ केन्द्रले पाल्पाका व्यवसायिक पशुपालक कृषकहरुका बिचमा कार्यान्वयनको लागि छलफल गरेको छ । पशु कल्याण मापदण्ड अभियाना पहिलो पटक पाल्पाबाट शुरु गरिएको हो । प्रदेश सरकारले १२ वटै जिल्लामा व्यवसायिक पशुपालक कृषकहरुमार्फत पशु कल्याण मापदण्ड २०८० कार्यान्वयन गर्नको लागि आगामी वर्षको निति, कार्यक्रम तथा बजेटमा पनि समावेश गर्ने जनाएको छ । कार्यक्रममा बरिष्ठ पशु चिकित्सक डा. नविन बस्यालले पुशपालन गर्दा सम्वन्धी आधारभुत व्यवस्था अन्तर्गत पशु गोठको व्यवस्थापन, पशु आहार, सन्तुलित खानाको बारेमा जानकारी गराएका थिए । यसै गरी पशु प्रजनन् सुरक्षा सम्बन्धी व्यवस्था, गाई भैसीपालन विधी,पशुहरुलाई भोक प्यास तथा कुपोषणबाट मुक्त बनाउनु पर्ने, पशुहरुलाई डर त्रास तथा तनावपूर्ण वातावरण बनाउन नहुने, गरी पशुपक्षी क्षेत्रमा लुम्बिनी प्रदेश सरकारले अभियान शुरु गरेको पुश चिकित्सक डा. बस्यालले बताए । दुधजन्य पशुहरुमा बच्चा जन्माउने दिन भन्दा दुई महिना अघि नै दुध दुहिन छोड्नु पर्ने, अन्य पशुहरुलाई काम लगाउँदा ८ घण्टा भन्दा बढी काममा लगाउन नहुने, पशु शरिरको तौल अनुसार ३० प्रतिशत मात्र भारी तथा मालसमान बोकाउनु पर्ने, मौसम अनुसारको पशु थरी तथा गोठको व्यवस्थापन हुनुपर्ने, पशुलाई डर त्रास र पिडा दिन नहुने, मानिसलाई चित्त नबुझे पशुलाई विना मैसै पिट्ने, नाकको प्वालहरुमा रसी छिराउने जस्ता कुराहरु गर्न नहुने विषयमा कार्यालयले छलफल गरेको छ ।

-...बाँकी अन्तिम पेजमा

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## मातृशक्तिप्रति सधैँ सम्मान गरौं

आमाप्रति श्रद्धा, भक्ति, सम्मान र आदर गरेर बुधबार मातार्थि औंसी मनाइएको छ । मातातिर्थ औंसीलाई आमाको मुख हेर्ने दिन पनि भनिन्छ । आमाप्रति श्रद्धाभाव प्रकट गर्ने यो पर्व प्रत्येक वर्षको वैशाख कृष्ण औंशीका दिन मनाइने गरिन्छ ।

आमाको उज्यालो मुहार एक दिन मात्र हैन सधैँ देख्न र हेर्न सक्नेहरू साँच्चै भाग्यमानी हुन् । तर थोरैलाई मात्र यस्तो मौका जुर्छ । कतिले यस्तो अवसरको जानीजानी बेवास्ता गर्छन् । मानिस आखिर मानिस त हो । बाबुआमाको मन छोराछोरीमाथि छोराछोरीको मन ढुङ्गामुढामाथि भन्ने उखान पनि हाम्रो सन्दर्भमा जीवितै नभएको होइन । तथापि सन्तानका लागि आमा माया, ममता, करुणा र स्नेहकी प्रतिमूर्ति हुन् । आमाले अनेक दुःख कष्ट बेहोर्दै नौ महिना शिशुलाई गर्भमा राखेर माया, ममता र संस्कारले सिँचन गर्छिन्, कठोर प्रसवपीडा सहेर सन्तानलाई जन्म दिन्छिन्, आफूले खाइनखाई सन्तानको पालनपोषण गर्छिन्, आफ्नो ज्यानको पर्वाह नगरी सन्तानको सुरक्षा गर्छिन् । यही कारण आमाको यति महत्व भएको हो । मातातिर्थ औंशीका दिन श्रद्धा, भक्ति, सम्मान र आदर गरिएकी तिनै आमालाई मनपर्ने खानेकुरा तथा उपहार दिई छोराछोरीहरूले आमाबाट शुभ आर्शिवाद ग्रहण गर्ने चलन छ । आमाप्रति विशेष भावयुक्त सम्मान गरिएको हुँदा यस दिनलाई मातातीर्थ औंसी भन्ने गरिको हो । आमाबाट टाढा रहेका सन्तानहरू आमालाई भेट्न पुग्छन् । विभिन्न कारणले आमालाई भेट्न नपाएकाहरूले भने सञ्चारका साधन र सामाजिक सञ्जालमार्फत सम्झने गर्छन् भने आमा नभएकाहरूले पनि आमाको आत्माको शान्तिको कामना गर्दै श्राद्ध–तर्पण गरी मातृत्वको स्मरण गर्छन् । यसलाई केही हदसम्म सकारात्मक रुपमा लिन सकिन्छ । तर वर्षको एक पटक मात्र आमालाई सामाजिक सञ्जालका भित्ताहरूमा मात्रै सजाएर आमा सम्झिने प्रवृत्तिको विकासलाई भने सकारात्मक मान्न सकिदैन । हिजोआज बढ्दो पश्चिमीकरण र तिनका मूल्य–मान्यता अँगाल्ने होडमा धेरै आमाहरू अवहेलनामा परिरहेका छन् । आफू सक्षम नबनुञ्जेल काखमा लुटपुटिने र सक्षम बनिसकेपछि तिनै आमालाई साहारा विहीन बनाउने सन्तानहरू अहिले बढिरहेका छन् । यो अत्यन्त दुःखको कुरा हो । वास्तवमा हामीले वर्षमा एक दिन मात्र होइन, हरेक दिन आमाको सम्मान गर्नु पर्छ । जति सकिन्छ उहाँलाई समय दिनु पर्छ । तसर्थ परिवारलाई खुसी राख्ने, सन्तानलाई सत्कर्म सिकाउने ममताकी खानी आमालाई हामीले सधैं सम्मान र माया गरौं ।

## Opinion @ Social Network

सत्यमार्ग नहिडने उही हुन्छ जो सधैको गतिछाडा हुन्छ ज्ञान उसको खोसिन्छ जब विवेकले स्वंयम झुक्दछ ।


(*कमला न्यौपानेको फेसबुक स्टाटस https://www.facebook.com/ kamalaNyaupane*)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संस्कृत प्रभाव : अनपेक्षित खोज



माधव रेग्मी

मानव मस्तिष्कका तन्तुहरूमा संस्कृतले पारेको प्रभावका बारेमा अहिले पश्चिमी जगतका वैज्ञानिकहरूमा हलचल ल्याइदिएको छ । स्नायु तन्तु सम्बन्धी अनुसन्धानकर्ता न्युरो साइन्टिस्ट जेम्स हार्टजेलद्वारा रचिएको शब्द हो 'संस्कृत इफेक्ट' अर्थात संस्कृत प्रभाव । जेम्सले केही संस्कृत अध्ययन गरिरहेका विद्यार्थीहरूको मस्तिष्कको बारेमा सन् २०१८ मा एउटा अनुसन्धान प्रतिवेदन प्रकाशित गरेका थिए । उनले प्रकाशित गरेको अनुसन्धान प्रतिवेदनमा भनिएको छ कि लामो समयसम्म वेदका रिचाहरू र संस्कृतका स्तोत्रहरू स्मरण गरिरहने या मन्त्र उच्चारण गरिरहने र संस्कृत अध्ययन गर्ने विद्यार्थीहरूको मस्तिष्कमा रहेको ग्रे म्याटरको घनत्व र कर्टिकलको मोटाइ अन्य व्यक्तिहरूको तुलनामा धेरै गहिरो, मोटो र बढी भएको पाइयो । हामीहरूमध्ये धेरैले पशुपति, जनकपुर, मुक्ति क्षेत्र, बराह क्षेत्र जस्ता तीर्थस्थलहरूमा रहेको मन्दिरमा हिन्दू धर्मका पण्डितहरूले संस्कृतका श्लोकहरू भजेको, ॐ नमः शिवाय, हरे कृष्ण हरे कृष्ण, हरे राम हरे राम, ॐ नमो भगवते वासुदेवाय जस्ता नाम संकिर्तन गाएको अनि हिमाली श्रृङ्खलामा रहेका हाम्रा शेर्पा र लामा दाजुभाइ दिदीबहिनीहरू र भिक्षुहरूले ॐ मणि पद्मे हुँ, बुद्धं शरणम् गच्छामि, धम्मम शरणम् गच्छामि जस्ता नाम–जप गरेको त सुनेकै छौं । उनीहरूले कसरी प्राचीन हिन्दू बौद्ध धर्मग्रन्थहरूको अध्ययनलाई सामान्य तरिकाले नै स्मरण गर्न सकेका होलान् भन्ने पनि लागेको हुनसक्छ । अहिले पनि न्यूयोर्क र बस्टनका गुम्बा र मन्दिरहरूमा बौद्ध भिक्षु र हिन्दू पण्डितहरूले प्राचीन पवित्र ग्रन्थहरूबाट सयौं पृष्ठ लामा हजारौं श्लोकहरू कण्ठस्थ जपिरहेका हुन्छन् । संस्कृतका अनेकन श्लोकहरूलाई कण्ठस्थ गर्न सक्ने र वेदका हजारौं रिचाहरूलाई स्मरण गर्न सक्ने कस्तो मस्तिष्क होला भनेर जेम्सले अध्ययन गरेका थिए । पश्चिमा श्रोताहरूलाई बौद्ध र हिन्दू धर्मग्रन्थका शक्तिशाली स्तोत्रहरूले मन्त्रमुग्ध पारेका छन् । बौद्ध हिन्दू धर्मावलम्बीहरूको स्तोत्र स्मरण गर्ने नाम जप गर्ने पुरानो परम्परा भएता पनि पश्चिमाहरूमा भने भर्खरै यसले ठाउँ पाउन थालेको छ । उनीहरू यसले मस्तिष्कमा पारेको प्रभावका बारेमा दङ्ग पर्न थालेका छन् । हिन्दूबौद्ध परम्परामा त सानै उमेरदेखि प्राचीन ग्रन्थहरूको जप गर्न सिकाइन्छ । सरल संस्कृतका गद्यात्मक जस्तै विष्णुसहस्रनाम गणेश पञ्चरत्नम्, रस्वती स्तोत्र आदि नाम जप गर्नुका साथै शुक्ल एजुर्वेदलगायत अति प्राचीन धर्म ग्रन्थहरूका दशौं हजार श्लोकहरूसमेत कण्ठस्थ गरेका हुन्छन् । यस्तो नाम जप र रिचाहरूको स्मरणले मस्तिष्कको छोटो र दीर्घकालीन दुवै स्मृति मा एउटा ठूलो प्रभाव पार्दछ भन्ने कुरा जेम्सको अनुसन्धानले प्रमाणित गरेको छ । जेम्सले गरेको अनुसन्धानबाट यो पत्ता लाग्यो कि हिन्दू बौद्ध परम्पराअनुसार दैनन्दिन संस्कृतका श्लोकहरू उच्चारण गर्नाले स्मरण र सोच्ने शक्ति बढाउँदछ । जेम्सले पत्ता लगाएको संस्कृत इफेक्ट एउटा अनपेक्षित खोज थियो, जसलाई अहिले पश्चिमाहरूले अनुसरण गर्न थालेका छन् । जेम्स स्पेनको 'बास्क सेन्टर अन कग्निसन ब्रेन एण्ड ल्याङ्वेजका अनुसन्धानकर्ता हुन्, जसले संस्कृतको अध्ययन, अनुसन्धान र अनुवादमा धेरै वर्ष बिताएका छन् । उनी आफै पनि संस्कृत प्रभावका एक प्रयोगकर्ता हुन् । उनी भन्छन्, 'मैले जति धेरै संस्कृतका श्लोकहरू याद गरेँ, जति धेरै संस्कृत भाषा अध्ययन गरेँ र अनुवाद गरेँ, त्यति नै मेरो शाब्दिक स्मरण शक्ति राम्रो हुँदै गयो । मेरा विद्यार्थीहरू र शिक्षक साथीहरू कक्षामा प्रश्नहरू सोध्दा र व्याख्याहरू गर्दा मैले आफ्नै वाक्यहरू ठ्याक्कै कसरी दोहोर्याउन सकेँ भनेर मेरो स्मरण क्षमतामाथि टिप्पणी गर्न थालेका छन् । उनीहरूलाई मैले जवाफ दिन थालेको छु कसरी हिन्दू संस्कृतका अध्येताहरूले ४० हजारदेखि १ लाखभन्दा पनि बढी शब्दहरूको वैदिक धर्मग्रन्थहरूलाई याद गर्ने र ठ्याक्कै पाठ गर्ने गर्दछन् । यो कुराले ममा प्रभाव पार्यो र मैले उनीहरूको मौखिक स्मरण गर्ने क्षमता र यसले मस्तिष्कमा पारेको प्रभावको बारेमा अध्ययन गर्न थालेँ । यो अध्ययनबाट यस्तो कुरा पत्ता लगाएँ कि संस्कृत अध्ययन गर्नेहरूको मस्तिष्क अन्य व्यक्तिहरूको तुलनामा १० प्रतिशत ठूलो हुने रहेछ ।' हार्टजेलको अनुसन्धान संस्कृतविदहरूको मस्तिष्कको परीक्षण गर्ने पहिलो अनुसन्धान हो । स्ट्रक्चरल म्याग्नेटिक रेजोनेन्स इमेजिङ अर्थात् एमआरई को प्रयोग गरेर हार्टजेलले संस्कृतका श्लोकहरू कण्ठस्थ गर्ने, पढ्ने २१ जना विद्वानहरू र त्यसै गरी संस्कृत नपढ्ने २१ जना विद्वानहरूको मस्तिष्क स्क्यान गरेर तुलना गरेका थिए र स्क्यानबाट पत्ता लगाएका थिए कि संस्कृत नपढ्नेहरूको तुलनामा संस्कृत पढ्नेहरूको मस्तिष्कमा नाटकीय परिवर्तन देखिएको थियो । संस्कृत विदहरूको मस्तिष्कका धेरै क्षेत्रहरू संस्कृत नपढ्नेहरूको तुलनामा ठूला थिए र मस्तिष्कका दुवै गोलार्धमा सामान्य व्यक्तिकोमा भन्दा १० प्रतिशत बढी मस्तिष्क पदार्थ र कर्टिकलको मोटाइ पाइएको थियो । मस्तिष्कको दाहिने गोलार्ध अर्थात हिप्पोकाम्पसले स्मरण शक्ति,ध्वनि र दृश्यका कुराहरू सम्पादन गर्ने गर्दछ। अब हामी विचार गरौँ । संस्कृतका श्लोकहरू र वेदका रिचाहरू कण्ठस्त गर्ने विद्वानहरूको मस्तिष्कमा सामान्य व्यक्तिहरूको भन्दा १० प्रतिशत बढी मस्तिष्कको पदार्थ र मस्तिष्कको आकार ठूलो हुनु भनेको सामान्य भन्दा १० प्रतिशत बढी स्मरण शक्ति र अन्य बौद्धिक शक्तिहरू हुनु हो । जेम्सले यस्तो वृद्धि हुनुमा संस्कृतको प्रभाव छ भन्ने कुरा त पत्ता लगाए तर यो कसरी भयो भन्ने कुरा भने अझै अनुसन्धानको विषय छ । डाक्टर जेम्सको यो अध्ययनले हाम्रा प्राचीन हिन्दू ग्रन्थहरूको प्रभाव,अल्जाइमर जस्तो मस्तिष्कका तन्तुहरू विनाश गर्ने र बुढ्यौलीमा स्मरण शक्ति हराउँदै जाने रोग कम गर्न मद्दत हुन्छ कि भन्ने विषयमा अहिले अनुसन्धान अघि बढेको छ । चिकित्सकहरूको एउटा टोली संस्कृतमा थप अनुसन्धान गरेर डिमेन्सिया, अल्जाइमर जस्ता स्मरण शक्ति ह्रास गराउने रोगको उपचार प्रभावकारी हुन्छ कि भन्ने विषयमा अनुसन्धान अगाडि बढाउन तयार भएका छन् । अहिले पश्चिमाहरू हाम्रो पूर्वीय दर्शनका माइन्डफुलनेस र ध्यानका अभ्यास गरेर फाइदा लिन तल्लिन भएका छन् । वास्तवमा यो यही संस्कृत प्रभावको एउटा रूप हो। थोरै थोरै भए पनि नाम, जप र संस्कृतको पाठ गर्नाले हाम्रो मस्तिष्कमा आश्चर्यजनक प्रभाव पार्न सक्छ भन्ने कुरा त अनुसन्धानले देखाइसक्यो । हाम्रा पूर्वजहरू जसले दिनहुँ संस्कृतका श्लोकहरू र संस्कृतको नाम–जप, च्यान्टिङ गर्ने गर्दथे उनीहरूमा अल्झाइमर र डिमेन्सिया कम देखिनुमा कतै यही संस्कृतको प्रभाव त थिएन भनेर हामीलाई सोच्न यो अनुसन्धानले बनाएको छ ।

*-हाम्रा कुरा डटकम*

*पश्चिमा श्रोताहरूलाई बौद्ध र हिन्दू धर्मग्रन्थका शक्तिशाली स्तोत्रहरूले मन्त्रमुग्ध पारेका छन् । बौद्ध हिन्दू धर्मावलम्बीहरूको स्तोत्र स्मरण गर्ने नाम जप गर्ने पुरानो परम्परा भएता पनि पश्चिमाहरूमा भने भर्खरै यसले ठाउँ पाउन थालेको छ । उनीहरू यसले मस्तिष्कमा पारेको प्रभावका बारेमा दङ्ग पर्न थालेका छन् । हिन्दूबौद्ध परम्परामा त सानै उमेरदेखि प्राचीन ग्रन्थहरूको जप गर्न सिकाइन्छ । सरल संस्कृतका गद्यात्मक जस्तै विष्णुसहस्रनाम गणेश पञ्चरत्नम्, रस्वती स्तोत्र आदि नाम जप गर्नुका साथै शुक्ल एजुर्वेदलगायत अति प्राचीन धर्म ग्रन्थहरूका दशौँ हजार श्लोकहरूसमेत कण्ठस्थ गरेका हुन्छन् । यस्तो नाम जप र रिचाहरूको स्मरणले मस्तिष्कको छोटो र दीर्घकालीन दुवै स्मृति मा एउटा ठूलो प्रभाव पार्दछ भन्ने कुरा जेम्सको अनुसन्धानले प्रमाणित गरेको छ । जेम्सले गरेको अनुसन्धानबाट यो पत्ता लाग्यो कि हिन्दू बौद्ध परम्पराअनुसार दैनन्दिन संस्कृतका श्लोकहरू उच्चारण गर्नाले स्मरण र सोच्ने शक्ति बढाउँदछ । जेम्सले पत्ता लगाएको संस्कृत इफेक्ट एउटा अनपेक्षित खोज थियो, जसलाई अहिले पश्चिमाहरूले अनुसरण गर्न थालेका छन् । जेम्स स्पेनको 'बास्क सेन्टर अन कग्निसन ब्रेन एण्ड ल्याङ्वेजका अनुसन्धानकर्ता हुन्, जसले संस्कृतको अध्ययन, अनुसन्धान र अनुवादमा धेरै वर्ष बिताएका छन् । उनी आफै पनि संस्कृत प्रभावका एक प्रयोगकर्ता हुन् । उनी भन्छन्, 'मैले जति धेरै संस्कृतका श्लोकहरू याद गरेँ, जति धेरै संस्कृत भाषा अध्ययन गरेँ र अनुवाद गरेँ, त्यति नै मेरो शाब्दिक स्मरण शक्ति राम्रो हुँदै गयो । मेरा विद्यार्थीहरू र शिक्षक साथीहरू कक्षामा प्रश्नहरू सोध्दा र व्याख्याहरू गर्दा मैले आफ्नै वाक्यहरू ठ्याक्कै कसरी दोहोर्याउन सकेँ भनेर मेरो स्मरण क्षमतामाथि टिप्पणी गर्न थालेका छन् । उनीहरूलाई मैले जवाफ दिन थालेको छु कसरी हिन्दू संस्कृतका अध्येताहरूले ४० हजारदेखि १ लाखभन्दा पनि बढी शब्दहरूको वैदिक धर्मग्रन्थहरूलाई याद गर्ने र ठ्याक्कै पाठ गर्ने गर्दछन् । यो कुराले ममा प्रभाव पार्यो र मैले उनीहरूको मौखिक स्मरण गर्ने क्षमता र यसले मस्तिष्कमा पारेको प्रभावको बारेमा अध्ययन गर्न थाले ।*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

**मेष** : आँटिको कार्य पुरा होला । प्रेमसम्बन्धका लागि पनि श्रेष्ठ समय रहेको छ ।

**वृष** : यात्राका साथै मन कमजोर रहला । आँटिको काममा अवरोध आउनसक्छ ।

**मिथुन** : भाग्यले साथ दिनेछ । रोकिएका अधुरा कामहरू पुरा हुनेछन् ।

**कर्कट** : लामो समयदेखि रोकिएको कामको गाँठो फुक्नेछ । अवसर प्राप्त होला ।

**सिंह** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अल्छीपना पनि बढ्नेछ ।

**कन्या** :वैचारिक मतभेद सिर्जना हुनसक्छ सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**तुला** : अरुलाई प्रभावित पारेर काम बन्नेछ । लाभदायी यात्रा पनि हुनेछ ।

**वृश्चिक** : समाजसेवामा मन लाग्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइनेछ ।

**धनु** : लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । जीवन सुखमय हुनेछ ।

**मकर** : समयलाई मध्यनजर गर्दै काम गर्नुपर्छ । खर्चसमेत बढ्ने योग छ ।

**कुम्भ** : मिष्ठान्न भोजनको अवसर प्राप्त हुने योग छ । प्रेम जीवन पनि सफल रहनेछ ।

**मीन** : नयाँ कार्यको थालनी हुनेछ । पढाइ लेखाइमा प्रगति हुनेछ ।




बालनाटक — कमल रिजाल


# आमाको आशीर्वाद

स्थान- राजा उत्तानपादको वैठक कक्ष समय- बिहान पात्रहरू- उत्तानपाद- पौराणिक राजा करीव ४५ वर्ष सुनीति- उत्तानपादकी जेठी महारानी करीव ४० वर्ष सुरुचि- उत्तानपादकी कान्छी महारानी करीव ३८ वर्ष ध्रुव- उत्तानपादको जेठी महारानीतर्फका छोरा ५ वर्ष उत्तम- उत्तानपादको कान्छी महारानीतर्फका छोरा ४ वर्ष नारद- लोकहितका लागि पृथिवी भ्रमण गर्दै हिँड्ने देवर्षि विष्णु- संसारको पालन कर्ता भगवान् विष्णु रङ्गमञ्चमा राजा उत्तानपादको भव्य दरवार देखिन्छ । आँगनका छेउछाउमा हात्तीसार तथा घोडा तबला छन् । नजिकै रहेका भव्य बगैँचाले दरवारकमो शोभा बढाएका छन् । राजाका सैनिक तथा सुरक्षा अधिकारी यताउता घुमिरहेका हुन्छन् ।ध्रुव- 'सुक्कसुक्क गर्दै' आमा ! मैले बाबा महाराजको काखमा बस्न हुँदैन रे हो ? भाइ उत्तम बसेको देखेर गएको थिएँ कान्छी आमाले गलत्याउनुभो । उहाँ भन्दै हुनुहुन्थ्यो- 'राजाको मन नपरेको जेठी रानीको छोरा भएर पनि बाबाको काख ताक्छस् । यसका लागि त मेरो कोखबाट जन्मनुपर्थ्यो । जन्मने बेलामा जेठीको छोरो भएर आउने अनि अहिले आएर बाबाको काख ताक्ने ? यदि यस्तै इच्छ हो भने पहिले भगवान्को तपस्या गर अनि मेरो कोखबाट जन्म लिन आइज बुझिस् ।' सुरुचि- खोइ बाबु ! के भनौँ । यसको उत्तर म दिन सक्दिन । बरू आफ्नै बाबासँग सोधेको भए उत्तर पाउँथ्यौ कि । ध्रुव- सोधेको त हुँ तर ....। सुनीति- तर ? के भन्नुभयो र बाबाले ?' ध्रुव- बोल्दै बोल्नुभएन । धेरै बेरसम्म उहाँको मुखमा हेरिरहेँ तर नसुने जस्तो गरी टाउको बटार्नुभो । सुनीति- त्यसो हो भने त कान्छी आमाले भनेकै सही हो बाबु ! अब यसका लागि तिमीले भगवान्को तपस्या गर्नुको विकल्प छैन । ध्रुव- तपस्या भनेको के हो आमा ! सुनीति- एकान्त स्थानमा बसेर भगवान्को पुकारा गर्नु । ध्रुव- एकान्त भनेको कस्तो ठाउँ हो आमा !सुनीति- नदी किनार, वन जङ्गल वा कुनै त्यस्तै ठाउँ, जहाँ कसैले वाधा गर्न सक्दैनन् । ध्रुव- त्यस्तो स्थानमा एक्लै जान सकिन्छ र ? सुनीति- तिमी एक्लो छैनौ बाबु ! साथमा मेरो आशीर्वाद छ । त्यसपछि ध्रुव तपस्या गर्ने दृढ निश्चय गरेर वनतर्फ लागे । उनको दशा देवर्षि नारदले देख्न सकेनन् र अगाडि आएर भने- 'ए बाबु ! पख । कहाँ जान हिँडेका ? ध्रुव- भगवान्को तपस्या गर्न । नारद- यति सानै उमेरमा तपस्या गर्न जानुको कारण ? ध्रुव- कान्छी आमाले भन्नुभएको बाबाको काख पाउनका लागि भगवान्को तपस्या गर्नुपर्छ रे । नारद- वन जङ्गलमा बाघ भालु हुन्छन् । एक्लै कसरी जान सक्छौ ? ध्रुव- कहाँ एक्लो छु र ? नारद- को छन् त साथमा ? ध्रुव- आमाको आशीर्वाद छ नि । उहाँको आशीर्वाद भएपछि कसले के गर्न सक्छ र ?ध्रुवको कुरा सुनेर नारदको चित्त काटियो । तपस्या गर्ने स्थान र तरिका बताएर हिँडे । त्यसपछि उनी नारदले भने बमोजिम मधुवन भन्ने स्थानमा गएर भगवान्को तपस्या गर्न लागे । उनको तपस्याबाट सन्तुष्ट भएका भगवान्ले चाँडै नै आएर वरदान माग्न भने । यति बेलासम्म उनको मन परिवर्तन भइसकेको थियो । त्यसैले उनको साथ र सहयोग पाऊँ । त्यसपछि भगवान्ले मुसुक्क हाँस्दै भने- 'बाबु ! तिमीदेखि निकै खुसी छु । त्यसैले पहिले दरवारमा गएर बाबुको राज्य समाल्ने काम गर । त्यसपछि ध्रुवलोमा गएर बस्न पाउने छौ ।' यति भनेर भगवान् वैकुण्ठतिर लागे उनी दरवारतिर । राजा उत्तानपादले निकै ठूलो स्वागतका साथ दरवारमा प्रवेश गराए । तिनै ध्रुवलाई पहिले बाबुलेसमेत वास्ता गरेका थिएनन् । जब भगवान्को साथ पाए गाउँलेसमेत स्वागत गर्न आए । कान्छी आमाले त रुँदै माफी नै मागिन् । केही समयपछि बाबु उत्तानपाद राज्यको भार उनलाई सुम्पेर तपस्या गर्न हिँडे । उनी पनि लामो समयसम्म राज्यसत्ता सञ्चालन गरी अन्त्यमा ध्रुवलोकमा गएर बस्न लागे ।

*-रातोपाटी डटकम*

*राजाका सैनिक तथा सुरक्षा अधिकारी यताउता घुमिरहेका हुन्छन् ।ध्रुव- 'सुक्कसुक्क गर्दै' आमा ! मैले बाबा महाराजको काखमा बस्न हुँदैन रे हो ? भाइ उत्तम बसेको देखेर गएको थिएँ कान्छी आमाले गलत्याउनुभो । उहाँ भन्दै हुनुहुन्थ्यो-'राजाको मन नपरेको जेठी रानीको छोरा भएर पनि बाबाको काख ताक्छस् । यसका लागि त मेरो कोखबाट जन्मनुपर्थ्यो । जन्मने बेलामा जेठीको छोरो भएर आउने अनि अहिले आएर बाबाको काख ताक्ने ? यदि यस्तै इच्छ हो भने पहिले भगवान्को तपस्या गर अनि मेरो कोखबाट जन्म लिन आइज बुझिस् ।' सुरुचि- खोइ बाबु ! के भनौँ । यसको उत्तर म दिन सक्दिन । बरू आफ्नै बाबासँग सोधेको भए उत्तर पाउँथ्यौ कि । ध्रुव- सोधेको त हुँ तर ....। सुनीति- तर ? के भन्नुभयो र बाबाले ?' ध्रुव- बोल्दै बोल्नुभएन । धेरै बेरसम्म उहाँको मुखमा हेरिरहेँ तर नसुने जस्तो गरी टाउको बटार्नुभो । सुनीति- त्यसो हो भने त कान्छी आमाले भनेकै सही हो बाबु ! अब यसका लागि तिमीले भगवान्को तपस्या गर्नुको विकल्प छैन ।*

## आमा



*विमला पाण्डे*


मैले थोरै भात थप्दिनु भन्दा
रित्तिएको कसौडी हेर्दै मलाई भोक छैन्
भन्दै तर्किन्छौँ तिमी ।

कामको थकाइले गल्छौ तिमी,
मेरो लागि आधा पेट खाएर पनि मलिनो ओछ्यानमा
खुशी हुँदैं ढल्छौ तिमी ।।

तिम्रो महानताको वर्णन कुन,
शब्दमा गरू खै मलाई केही भयो भने
पिडाले नै जल्छौं तिमी ।

थोरै मुस्कानको टालो हाल्न सकु तिम्रो,
मलिनतामा ईश्वर छन् विश्वास छ कुनै
भगवान भन्दा कम छैनौं तिमी ।।

## मेरी आमा



*कृष्टिना आचार्य*

आमाको काखमा खेल्दै रमाउन कति मजा आउछ
कोखाई कोखाई भन्दै माम खुवाएको अस्ति जस्तो लाउछ ।

खालि पेट आफु बसि मलाई खाना खुवाएको याद आउँछ
आँखाबाट आँशु आउँदा पुछिदिन हात लम्कायको याद आउँछ ।

नाना चाचा लगाउदै घुम्न जाने बेला रिसाउने म गर्थे
आउ आउ नानु भनी बोलाउदा कराउँदै म रुन्थे ।

बाबा आमासँग हिड्दानि गाला भरी आँशु हुन्थ्यो त्याँहा
घुम्न जादा मन परेको चिज नकिनिदिय रुदै हिड्थे त्याँहा ।

साथीभाइ देख्दा मलाई खेल्न धेरै मजा आउछ
टुकुन टुकुन गरी स्कुलमा डोराउदै आयको हिजो जस्तो लाउछ ।

मेरा साथी कति धेरै थिए कक्षा भरी लथालिङ्ग ।
पढ्न भन्दा लेख्न धेरै रमाईलो लागेको देखियो छरल !

***(कृष्टिना पाल्पा आवासिय सेकेन्डरी स्कुल कक्षा २ मा अध्यन्रत छिन्)***

निबन्ध — जे एन दाहाल

# भुइँ पुछ्ने मान्छे



म आशा गर्छु तपाईंलाई अमेरिकाका बारेमा धेरै कुरा थाहा छ । जस्तो कि यो देशको आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक कुरा आदि । तर म विश्वस्त छु तपाईंलाई एउटा कुरा थाहा छैन । यस लेखमा आम मजदुर र तिनको सैर्षको कथ्य छ । यस्ता स-साना कुरा कसरी थाहा होस्, जुन विरलै मान्छेले बताएको हुन्छ ? विरलै मान्छेले शब्दमा आफ्ना संवेदना इमानदारीपूर्वक उतारेको हुन्छ ? म सम्झन्छु –एक दशकअघि, आइ.ओ.एम.को झोला बोक्ने समय दमक अफिसमा हामीलाई एउटा तालिम दिइएको थियो । त्यस तालिममा भनिएअनुसार अमेरिकामा तीन प्रकारका जागिर पाइन्छ । पहिलो इन्ट्री लेभल जब, दोस्रो स्किल्ड जब र तेस्रो प्रोफेसनल जब । यसैलाई आधार मान्दा मेरो जागिर इन्ट्री लेभल जब हो । पोस्ट-अफिसको एउटा ठूलो वेयरहाउसमा म काम गर्छु । यति ठूलो कि तीन सिृटका कामदार हिसाब गर्दा अन्दाजी हजारको जनसङख्या होला । यो ठाउँ साँच्चै ठूलो छ । पोस्ट-अफिसको वेयरहाउस भएकाले यहाँ बिजुली, ग्यास, इन्टरनेट, पानी आदिका बिलहरू मेलका रूपमा आउँछन् । यहाँ म्यागजिन र केही लाम्चो आकारका डोक्युमेन्टयुक्त सामग्री तथा पार्सलहरू पनि आउँछन् । केही कामदार डायोस र डी.बी.सी.एस. जस्ता मेसिनमा मेल प्रोसेस गर्छन् । केही 'एप्स' नाम गरेको मेसिनमा कन्टेनरमा हालिएका प्याकेज डम्पिङ साइटमा मेसिनको माध्यमले चलिरहेको कन्भेयर बेल्टमा पोख्छन् । केही फोर्कफि्लफ्टले ट्रकमा मेल र प्याकेजका कन्टेनर राखी मेल लोड तथा अनलोड गर्छन् । केही भुइँ पुछ्छन् । केही फोर्कफि्लफ्टका या प्राइम मुभरका ब्याट्री फेर्छन् । यी सबै इन्ट्री लेभलकै जब हुन् । त्यस मध्येमा पङ्क्तिकार भुइँ पुच्छ । अझ यसो भनौँ– पोस्ट-अफिसमा मेल चल्छ र कामदारहरू चल्छन् । विभिन्न कम्पनीबाट हेम्पर र इपिसिजमा ट्रेका-ट्रे मेल आउँछन् । तिनमा पेपर टाँसिएको हुन्छ । लेखिएको हुन्छ– कहाँ जाने या कहिले सम्ममा पुग्ने । कत्ति मेल त रबरले या प्लास्टिकका स्ट्र्यापले बाँधिएर आउँछन् । तिनै टाँसिएका पेपर, रबर र स्ट्र्यापलबाट निर्मित हुन्छ वेयरहाउसमा फोहोर । त्यहाँ मेल चल्छ र फोहोर सङ्कलन हुन्छ । फोहोर छ र पङ्क्तिकारको जागिर पनि छ । पोस्ट-अफिसको भाषामा फोहोर उठाउने, भुइँ पुछ्ने, सरसफाइ गर्ने कामदारलाई 'कस्टोडियन' भनिन्छ । हो, म त्यही काम गर्छु । त्यही भुइँ पुछ्ने - इन्ट्री लेभलको जब, जसप्रति पङ्क्तिकारको विचित्रको प्रेम छ । अथाह सम्मान छ । यस कामका लागि प्रत्येक कामदारलाई सोह्र घण्टे 'कस्टोडियन ट्रेनिङ कोर्स' गरी औपचारिक रूपमा तालिम दिइएको हुन्छ । जसमा केमिकल कसरी र कहाँ प्रयोग गरी सफाइ गर्ने भन्ने कुरा सिकाएको हुन्छ । त्यसैले म एउटा तालिम-प्राप्त कस्टोडियन हुँ । कम्मरमा एक तमाससँग बजिरहने वकिटकी च्यानल दुईमा छ । मेकानिक र कन्ट्रोल रुमको दोहोरो वार्ता चलिरहेको छ । यता आफ्ना हातमा एक जोर ग्लोभ्स छन् । मुखमा मास्क छ । प्रोटेक्टिभ इक्विप्मेन्ट भएपछि अब सरसफाइ गर्न घिन छैन । फोहोर उठाउन र त्यसलाई ट्र्यास कम्प्याक्टरमा पुर्याएर फाल्न पनि लाज छैन । 'लाज ?' गोरा छाला भएका सहकर्मीहरू यही काम गर्छन् । काला छाला भएका मित्रहरू पनि प्रतिघण्टा डलर बनाइरहेका छन् । केही एसियन मित्रहरू पनि यही वेयरहाउसको भुइँ पुछिरहेका छन् । यसमा के खराबी छ ? किन लाज ? केको घिन ? नर्सहरू दैनिक पेसेन्टको रगत र पिसाबहरूसँग जुध्छन् । डाक्टर र सर्जनहरू घिन र अरुचि नमानी विभिन्न अङ्गहरू छुन्छन् । आवश्यकता परेमा ती अङ्गहरू चिरफार पनि गर्छन् । यस्तै त हो हाउस किपिङले गर्ने सरसफाइ पनि । होइन, पोस्ट-अफिसकै भाषामा जाऔँ - कस्टोडियनको सरसफाइ पनि । परिवारमा कसैले सफा नगरे घरको अवस्था के होला ? कति फोहोरी हुन्छ कोठा, चुल्हो र बाथरुम ? कस्ता कस्ता कीटाणु र जीवहरू त्यहाँ बास बस्लान् ? अनि हाम्रो स्वास्थ्य ? तपाईले कहिले सोच्नुभएको छ ? सुरुवाती दिनमा पोस्ट-अफिसमा यही कस्टोडियनको अस्थायी जागिर खुलेको थियो । यही भुइँ पुछ्न म यहाँको नियमअनुसार टेस्टिङ सेन्टर पुगेँ । दुईवटा लिखित परीक्षा '४७८ र कस्टोडियन कोर्स ९१६' दिएँ र उत्तीर्ण पनि भएँ । त्यसपछि हाइरिङ मेनेजरले लिने एउटा अन्तरवार्ता पास गर्नु परेको थियो । सुरुवातमा रिटायर्ड सैनिकहरूका लागि भनी पोस्ट-अफिसले कस्टोडियनको जागिरमा भ्याटरन मात्र लिने चलन रहेछ । डिसेबल रिटायर्ड भ्याटरनले काम गरून् भन्ने उद्देश्यले पोस्ट-अफिसले त्यसरी नै हायर गर्दथ्यो भन्ने सुनिएको छ । समय बित्दै जाँदा सर्वसाधारणलाई पनि कस्टोडियनको जागिरमा स्थान दिइएको रहेछ । यो कुरा मैले यहाँ काम गर्न आएपछि मात्र थाह पाएँ । सन् २०१५ तिर मैले कस्टोडियनको जागिरमा अप्लाइ गर्दा तेह्र डलर पच्चीस सेन्ट दिइन्थ्यो । स्थायी भएको ६ वर्षपछि अहिले २५ डलर यही भुइँ पुछ्ने कामबाट कमाइ हुन्छ । यसले मलाई आफ्नो परिवारको पेट भर्न साथ दिइरहेको छ । लेखको यहाँसम्म आइपुग्दा तपाईं पाठकले पक्कै लाज बिर्सिसक्नुभयो । घिन पनि बिर्सिसक्नुभयो भन्ने सोच्दछु । म सोधूँ - तपाईले बच्चाको डाइपर कहिल्यै फेर्नुभएको छ ? तपाईले दिसापछि गुप्ताङ्ग हातले धुनुभएको छ ? त्यस समय तपाईलाई घिन भयो ? भयो, तर त्यो घिन सरसफाइले हट्यो । होइन ? पक्कै हो भन्नु हुनेछ । ट्रायस क्यानको फोहोर उठाउनु, भुइँमा पोछा लगाउनु, झाडुले बढार्नु - तपाईले सोचिरहनु भएको जति गाह्रो छैन । त्यसैले कस्टोडियनको जागिर गर्ने सोच भएकाले लाज मान्नुपर्ने आवश्यक छैन । पोस्ट-अफिसले आवश्यकता अनुसार तालिम दिन्छ । अफिसका टायल्सको भुइँ स्ट्रिप गर्न । त्यसपछि भुइँमा टल्कने वेक्स लगाउन । बुट्टादार टायल्स मैला भए पावर वास गर्न, लाइट फिक्चरमा भएका किराहरू सफा गर्न आदि । यहाँ भुइँ पुछ्ने जागिरका कारण अन्य कामको तालिम पनि मिल्छ । ती सीप घर-व्यवहारमा निकै उपयोगी हुन्छन् । कस्टोडियन हुनु भनेको आवश्यकताअनुसार बाथरुम सफा गर्नु पनि हो । कस्टोडियन हुनु भनेको वाक्क गरेको भुइँ पुछ्नु हो । कस्टोडियन हुनु भनेको हिउँ पर्दा नुन हाल्न बाहिर साइडवकमा निस्कनु पनि हो । कस्टोडियन हुनु भनेको पोछा लगाउनु हो । त्यसबाहेक पनि केही कुरा छन् । कस्टोडियन हुनु भनेको अनजान हुनु जस्तो पनि हो । यो साधारण मजदुरलाई अफिसको सुपरभाइजरले चियो गर्दैन । म्यानेजरले कामको गति के भइरहेको छ, खास नजरले हेर्दैन । विश्वासमा काम दिइन्छ, विश्वासमै छोडिन्छ । यही ठाउँमा भुइँ पुछ्दापुछ्दै सयौँ मान्छेसँग सङ्गत भएको छ । विभिन्न डिपार्टमेन्टका सहकर्मीले आफ्ना दैनिकीका कथ्य सुनाउँछन् । तिनले हेलोइनको कस्ट्युम तथा आफ्ना पार्टनर या ब्वाईफ्रेण्डसँग गरेका ससाना किस्सा सेयर गर्छन् । क्रिसमसमा बच्चाहरूको उपहारको अपेक्षा, तिनको संवेदना'यस्तै विषयमा कुरा हुन्छन् । झाडु लगाउँदै ती अमेरिकन सहकर्मीहरूको संवाद, तिनको शरीर र बोलीको हाउभाउ अनुहारमा उत्रिएको संवेदना'ओहो, हेर्न लायक हुन्छ । अमेरिकी परिवेश, मान्छेहरूको व्यवहार र स्थिति टिप्न धेरै सहायता यसै कामले गर्छ । अफिसको भुइँ पुछ्दै लबी या ह्वेलमा अघि बढ्दा - कसैलाई मतलबै रहन्न । तर आफूलाई धेरै कुराको जानकारी हुन्छ, जस्तो कि भर्खरै बदलिएको पोस्ट-मास्टरको नाम । सरुवा भएर आएको नयाँ एम.डी.ओ. र डिस्किट मेनेजर तात्तातै चिन्न सकिन्छ । काम गर्ने क्रममा नै धेरै सहकर्मीको व्यवहार, विचार र दृष्टिकोण पनि चिन्न सकिन्छ । कहिलेकाहीँ नयाँ केही मित्र जो मेसिनमा मेल प्रोसेस गरिरहेका हुन्छन्, ती कस्टोडियनलाई कोर्से आँखाले हेर्छन् । तिनको ओठ लोप्रिन्छ, अनुहारको रूप बदलिन्छ । 'प्रतिघण्टा पच्चीस डलर बनाउँछु ।' अनपेक्षित उत्तरले तर्संदै उनीहरूको अनुहार फेरि अर्कै आकारमा पुग्छ । आँखा मात्र खुलै रहन्छन् । त्यसपछि त्यो हेराइ र उपेक्षा भावको सिलसिला नै बन्द हुन्छ । पछिल्लो ६ वर्षको अनुभवमा यही कस्टोडियनको २०-३० वर्ष जागिर गरी कति मान्छे आँखैअघि रिटायर्ड भई घर गए । कतिले सुपरभाइजरको रूपमा प्रमोसन पाए । कति मेकानिकका रूपमा बढुवा भए । त्यसैले भुइँ पुछ्नु एउटा सिँढी टेक्नु पनि हो । भुइँ पुछ्ने काम टेकेर माथि उक्ली कहाँ कहाँ पुग्न सकिन्छ, तपाईंले अनुमान गर्न सक्नु हुन्न । भुइँ पुछ्नु भनेको मजदुरी गर्नु हो । यस्तो मदजुर कुनै देशको नागरिक हो । एउटा स्टेट या सिटी रेजिडेन्ट पनि हो । भुइँ पुछेरै देशको विकासमा कर तिर्नु कुनै रमाइलो चुट्किला होइन । आम नागरिकले झैँ म पनि कर तिर्छु । यही वेयरहाउसको भुइँ पुछेरै सिटी, स्टेट र फ्याडरल गरी तीन प्रकारका कर तिरिरहेको छु । सारमा यति भनूँ – तपाईंले कल्पना गर्न सक्नुहुन्न कस्टोडियनले सफा नगरेको एयरपोर्ट, हाउज किपरले चिटिक्क नपारेको होटेल, एयर होस्टेसले नमिलाएको फ्लाइट क्याबिन र भुइँ नपुछिएको वेयरहाउस ! यो बुझ्नुहोस् – जो मान्छे भुइँलाई प्रेम गर्दैनन्, तिनले जीवनमा प्रगति गर्न सक्दैनन् । भुइँलाई प्रेम नगर्नु त आम मजदुरका संवेदनालाई प्रेम नगर्नु हो । मानवीय मन छुन नसक्नु हो ।

*-साहित्यपोस्ट डटकम*

# कानुन दिवसमा डिएलए पाल्पाद्वारा विरामीलाई फलफूल



**पाल्पा,** वैशाख २६/लोकतान्त्रिक कानुन व्यवसायीहरुको छाता संगठन डेमोक्रेटिक लयर्स एसोसिएसन (डिएलए) पाल्पाले कानुन दिवसको अवसरमा विरामीहरुलाई फलफूल वितरण गरेको छ । डिएलएले ७२ औं कानुन दिवसका अवसर पारेर जिल्ला अस्पताल पाल्पामा उपचाररत विरामीहरुलाई फलफूल वितरण गरेको हो ।

डिएलएका पदाधिकारी, नेपाली काँग्रेसका नेता, काँग्रेसका विभिन्न भातृ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु अस्पतालमै पुगेर विरामीहरुलाई फलफुल वितरण गरेका हुन् । फलफूल वितरणमा पुगेका नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले डिएलएले फरक ढंगले कार्यक्रम गरेर दिवस मनाएकोमा खुसी व्यक्त गरे । उनले सुदृढ, पहुँचयुक्त र जनआस्थामा आधारित न्याय पद्धतिको स्थापना र विकासमा कानुन दिवसले महत्वपूर्ण भूमिका खेल्ने बताए । सभापति श्रेष्ठले स्वच्छ, निष्पक्ष, छिटो, छरितो एवं गुणस्तरीय न्याय सम्पादन र प्रभावकारी सेवामार्फत् सुदृढ एवं भरोसायोग्य न्याय प्रणालीको स्थापना र विकासका लागि प्रतिवद्ध भएर लाग्न लोकतान्त्रिक कानुन व्यवसायीहरुलाई आग्रह समेत गरे । उनले भने,'न्याय नपाएर छटपटिएका सर्वसाधारणलाई छिटो न्याय दिने गरी काम गर्नुहोस् ।' डिएलएका अध्यक्ष शिवप्रसाद देवकोटाले अन्य औपचारिक कार्यक्रम भन्दा पनि विरामीहरुको मनोभावनामा केही भए पनि राहत पुगोस् भन्ने उद्देश्यले अस्पतालका विरामीहरुलाई फलफूल वितरण गरिएको बताए । उनले नेपालमा प्रधान न्यायालय स्थापना भएको दिनलाई कानुन दिवसका रूपमा मनाउने गरिएको बताए । नेपालमा प्रधान न्यायालय ऐन, २००८ बने पनि त्यसको लागू भने विसं २००९ वैशाख २६ गतेबाट लागू भएको थियो । न्यायपालिकाको स्वतन्त्रता, विधिको शासन तथा आधुनिक न्याय प्रणालीको स्थापनाका लागि उक्त ऐनले खडा गरेको जगलाई थप मजबुत बनाउन डिएलएले हरेक वर्ष विभिन्न कार्यक्रम गरी दिवस मनाउँदै आएको अध्यक्ष देवकोटाको भनाई छ । उनका अनुसार जिल्ला अस्पतालका ९ जना विरामीहरुलाई फलफुल वितरण गरिएको हो ।

# पाल्पामा पशुहिंसा...

...दुध दिन छोडेका गाईहरुलाई पनि पशुधनीले नै नमर्दासम्म पालन पोषण गर्नुपर्ने, गाईको बाच्छोको उपयोगिता नभएको भन्दै बाच्छोलाई मार्ने, पशुहरुको सिङ तथा पुच्छर काटिदिने जस्ता यातानायुक्त व्यबहार गर्न नहुने कुरा कार्यक्रममा जोड दिएको थियो । कार्यक्रममा पशु पक्षी तथा मत्स्य विकास निर्देशनालयका प्रमुख प्रवेश सिंह कुवँरले मानिसहरुले पाल्दै आएका गाई भैसीहरुमा पशु कल्याण मापदण्ड पालन गर्दा मानिसहरुलाई बढी फाईदा हुने बताए । मापदण्ड लागु गर्दा गाई भैसी हिष्टपुष्ट हुने, स्वस्थ निरोगी हुने, उत्पादन बढी दिने, यस्ता पशुहरुको दुध तथा मासु बढी स्वस्थकर हुने भएकाले यस्तो मापदण्ड प्रदेश सरकारले लागु गरेको बताए । यो मापदण्ड लागु गर्ने पशु पालकहरुलाई नै बढी फाईदा पुग्ने उनले उल्लेख गरे । प्रदेश सरकारले दुध दिन छाडेका गाई तथा स-साना बाच्छाहरुको व्यवस्थापनमा पालिकाहरुसँग समन्वय गरेर सहयोग गर्ने निर्देशक कुवँरले बताए । विज्ञ केन्द्र पाल्पाका प्रमुख दुर्गा प्रसाद बस्यालले पशु अधिकार मापदण्ड पालन गर्ने पशु कृषकहरुलाई जिल्लाबाटै प्रमाणपत्र वितरण गर्ने, भोलिका दिनमा यस्ता फर्महरुमा पशुका दुध र मासुहरुलाई सरकारले प्राथमिकता दिदै जाने बताए । कार्यक्रममा विज्ञ केन्द्र पाल्पका पूर्व प्रमुख डा. चन्द बहादुर रानाले सरकारले ल्याएको यो अभियानलाई गाउँ-गाउँसम्म चेतना फैलाउदै जानुपर्नेमा जोड दिए । कार्यक्रममा सहभागी पशुपालक कृषकहरुले सरकारले ल्याएको पशु कल्याण मापदण्ड अधिकाश पुरा गर्दै आएको र केही विषयहरु जटिल रहेकोले लुम्बिनी प्रदेश सरकारले उत्तरदायित्वका कुरा मात्र होईन समाधानका विषयमा पनि कुरा ल्याउनु पर्नेमा जोड दिएका थिए । विज्ञ केन्द्र पाल्पाका अधिकृत युवराज ज्ञवालीले प्रदेश सरकारले शुरु गरेको अभियानलाई जिल्ला जिल्लाबाट कार्यान्वयनको लागि पूर्ण सहयोग रहने बताए ।

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरिपरि सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजी गरी त्यस्ता ठाउँको व्यवस्थापन गरौं,
- घर वरिपरि सफा राखौं, प्वालहरु टालौं,
- खुलास्थानमा शौच नगरौं,
- खाली खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लट्ठी लिएर हिँडौं,
- सम्भव भएसम्म खाट/खटिया वा चौकी वा पलङ्गमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिँड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


**वर्गिकृत डिस्प्ले**

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१



मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


खेलकुद समाचार

# राजस्थान दिल्लीसँग पराजित



**काठमाडौं,** वेशाख २६/इन्डियन प्रिमियर लिग (आईपीएल)मा राजस्थान रोयल्स दिल्ली क्यापिटल्ससँग पराजित भएको छ । खेलमा राजस्थान दिल्लीसँग २० रनले पराजित भएको हो । यो हारसँगै राजस्थानले तीन खेल बाँकी हुँदै प्लेअफ पुग्ने अवसर गुमाएको छ ।

दिल्लीले दिएको २२२ रनको लक्ष्य पछ्याएको राजस्थानले ८ विकेट गुमाएर २०१ रनमात्रै बनाउन सक्यो । कप्तान सन्जु सामसनले ८६ रन बनाए पनि अन्य ब्याट्सम्यानले ठूलो स्कोर बनाउन सकेनन् । रियान प्रयागले २७, शुभम दुबेले २५ रन, जोस बटलरले १९ र रोभमन पावेलले १३ रन बनाए । ओपनर यशस्वी जैसवाल भने ४ रनमै आउट भए । दिल्लीलाई जिताउन खलिल अहेमद, कुलदीप यादव र मुकेश कुमारले समान २/२ विकेट लिए भने अक्षर पटेल र रसिक सलामले एक/एक विकेट लिए । यसअघि घरेलु मैदानमा पहिले ब्याटिङ गरेको दिल्लीले ८ विकेटको क्षतिमा २२१ रन बनाएको थियो । दिल्लीका लागि अभिषेक पोरेलले ६५, जेक फ्रेजर मैकगर्कले ५०, ट्रिस्टान स्टुब्स्ले ४१ रन बनाए । यस्तै, गुलबदनले १९, अक्षर पटेल र ऋषभ पन्तले १५/१५, रसिक सलामले ९ र कुलदीप यादवले ५ रन जोडे । राजस्थान रोयल्सका रविचन्द्र अश्वनीले तीन, युजभेन्द्र चाहल, ट्रेन्ट बोल्ट र सन्दीप शर्माले एक/एक विकेट लिए । यो जितसँगै दिल्ली १० अंकका लखनउलाई पछि पार्दै पाँचौ स्थानमा उक्लिएको छ । पराजित भए पनि राजस्थानमा भने १६ अंकका साथ दोस्रो स्थानमै छ । समान १६ अंक भएको कोलकाता नाइटराइडर्स नेट रनरेटका आधारमा पहिलो स्थानमा छ ।

अर्थ/कर्पोरेट समाचार

# 'उद्योगको विकास नभएसम्म आर्थिक विकास हुँदैन'



**पाल्पा,** वैशाख २६/जिल्लाको रामपुर नगरपालिकाका नगर उपप्रमुख उपप्रमुख बालकुमारी थापाले उद्योगको विकास नभएसम्म आर्थिक विकास नहुने बताएकी छन् । उद्यमशीलता तथा वित्तीय साक्षरता सम्बन्धी तालिमको रामपुरमा शुभारम्भ कार्यक्रमलाई सम्बोधन गर्दै उनले यस्तो बताएकी हुन् ।

उनले उद्यम व्यवसायको वृद्धि र विकासले मात्र समग्र नगरको आर्थिक समृद्धि सम्भव हुने उल्लेख गरिन । उपप्रमुख थापाले भनिन् 'उद्योग व्यवसायको विकास नभएसम्म आर्थिक विकास हुँदैन ।' आर्थिक विकासका लागि उद्यम गर्ने योजना बनाएका र उद्यम गरिरहेका उद्यमीहरुलाई योजना बनाएर सफल उद्यमी बनाउने उद्देश्यले तालिमको आयोजना गरिएको उनको भनाई छ । दृढ उद्देश्यका साथ व्यवसायमा लाग्न उनले सबैलाई आग्रह गरिन् । प्रमुख प्रशासकीय अधिकृत सुर्य दर्शन पण्डितले योजनावद्ध तरिकाले उद्यम व्यवसाय गरे सफलता हासिल गर्न सकिने बताए । साथै उनले सहभागीहरुलाई तालिम ध्यानपूर्वक सिक्न अनुरोध गर्दै सफल व्यवसायी बन्न आग्रह गरे । कार्यक्रममा ५ का वडा अध्यक्ष दुर्गा प्रसाद पोखरेलले रुची र क्षमता अनुसारको व्यवसायले सफलता हासिल हुने धारणा व्यक्त गरे ।

कार्यक्रममा राष्ट्रिय युवा परिषदका चन्दा थापाले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै उद्यमको छनौट योजना निर्माण,लगानी, ऋण लगायतका विषयमा सहजिकरण गरिने गरेका छन् । तालिम मंगलबारदेखि शुरु भएको छ । रामपुर नगरपालिकाको आयोजना र राष्ट्रिय युवा परिषद सानोठिमी भक्तपुरको संयुक्त आयोजनामा एक हप्ते तालिम शुरु भएको हो । उपप्रमुख बाल कुमारी थापाको अध्यक्षता, आर्थिक विकास समितिका संयोजक दुर्गादेवि भण्डारी गौतमको स्वागत र महिला तथा बालबालिका शाखा प्रमुख पुजा परियारको सञ्चालनमा कार्यक्रम भएको थियो । तालिममा रामपुर नगरपालिका भित्रका ३६ जना महिलाहरुको सहभागिता रहेको छ ।

## मालपोत कार्यालय तानसेन पाल्पाबाट जारी भएको श्रेष्ता कायम नामसारी सम्बन्धी ३५ दिने हकदाबी गर्न आउने सार्वजनिक सूचना

उप्रान्त पाल्पा जिल्ला सा. चिर्तुङ्गधारा ९ हाल बगनासकाली १ निवासी खडानन्द पाण्डे, हरिलाल पाण्डेय, घनश्याम पाण्डे र विष्णु नाथ पाण्डेयले आफ्नो आमा बसन्धरा पाण्डेयको मिति २०७६/०१/०४ मा मृत्यु भएको, मृतकको शेषपछिको नजिकको हकदार थानेश्वर पाण्डेय को समेत मिति २०४८/०८/१३ मा मृत्यु भएको । मृतकका नाउँमा साविक चिर्तुङ्गधारा ९ का कि.नं. ९७६, ९७७ र १३३१ को जग्गाहरु भएको र श्रेस्ता कायम नभएको हुँदा उक्त कि.नं. का जग्गाहरु आमाका नाममा श्रेस्ता कायम गरी हामी निवेदकहरु निज ज.ध. दम्पतीको मृत्युपछिको नजिकको हकदार भएको हुँदा उक्त कि.नं. का जग्गाहरु हामी निवेदकहरुका नाममा नामसारी गरिपाउँ भनी बगनासकाली गा.पा.१ को च.नं. १७८५ मिति २०८१/०१/२१ को सिफारिस पत्र, मुचुल्का, नाता प्रमाणित, मृत्यु दर्ता प्रमाणपत्र प्रतिलिपि, नागरिकता प्रतिलिपि, तिरो रसिद, प्लट रजिष्टर उतार संलग्न राखी यस कार्यालयमा द.नं. ७२९८ मिति २०८१/०१/२४ मा निवेदन दिनुभएको ।

यसमा जिल्ला पाल्पा सा. चिर्तुङ्गधारा ९ का कि.नं. ९७६, ९७७ र १३३१ का जग्गाहरु ज.ध. बसन्धरा पाण्डेयले अन्यत्र बेचविखन वा अन्य तरिकाले हकहस्तान्तरण गरेका छन् या छैनन् ? निजको मृत्यु भएको हो या होइन? निजको पतिको मृत्यु भएको हो वा होइन् ? निज ज.ध. दम्पतीबाट के कति सन्तानहरुको जायजन्म भएको हो ? निज मृतकको शेषपछिको हकदार को को हुन? निवेदकहरु बाहेक अन्य हकदार छन् या छैनन् ? हाल उक्त कि.नं. का जग्गा कसले भोगचलन गरिरहेको छ ? उक्त कि.नं. का जग्गाहरु हालसम्म किन श्रेस्ता कायम नभएको हो ? माथि उल्लेखित कि.नं. का जग्गाहरु मृतकका नाममा श्रेस्ताकायम गरी निवेदकहरु खडानन्द पाण्डे, हरिलाल पाण्डेय, घनश्याम पाण्डे र विष्णु नाथ पाण्डेयको नाउँमा नामसारी गरिदिँदा अन्य कोही कसैलाई असर पर्छ की पर्दैन ? निवेदकको मागदाबी बमोजिम श्रेस्ताकायम नामसारी गरिदिन मिल्छ कि मिल्दैन ? कोही कसैलाई असर पर्ने भएमा वा श्रेस्ताकायम गरी नामसारी गर्न नमिल्ने भएमा बाटोको म्याद बाहेक ३५ दिन भित्र यस कार्यालयमा सप्रमाणसहित आफै उपस्थित भई हकदावी निवेदन दिनुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । म्यादभित्र दाबी विरोध नपरेमा प्रचलित कानुन बमोजिम भई जाने व्यहोरा यसै सूचना मार्फत सर्वसाधारण सबैका लागि जानकारी गराईन्छ ।इति सम्वत २०८१ साल बैशाख २५ गते रोज ३ शुभम् ।


हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई